नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सचिवस्तर) को मिति २०८१/१२/२८ को निर्णय अनुसार रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए ७ दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना info@mohp.gov.np वा law.section@mohp.gov.np मा देहायबमोजिमको ढँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | राय/सुझाव दिइएको विषय | पुष्टयाई |
|---|---|---|---|---|
| | | | | |

## १. विधेयक गर्नु पर्नाको कारणः

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने तथा राज्यबाट आकस्मिक स्वास्थ्य सेवामा वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ। सोही बमोजिम सरकारीस्तरमा स्वास्थ संस्था, अस्पताल तथा स्वास्थ्य सेवा प्रदान गर्ने लगायतका उद्धेश्य प्राप्तिका लागि बिभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु स्थापना तथा सञ्चालन हुँदै आएका छन्। नेपालमा चिकित्सा शिक्षातर्फ तथा स्वास्थ्य उपचारका सम्बन्धमा सहज तथा सरल पहुँच वृद्धि गरी यस क्षेत्रमा प्रविधिको विस्तार गर्न बिभिन्न नविनतम विधामा अध्ययन अध्यापन मार्फत शैक्षिक गुणस्तर हासिल गर्नुका साथै स्वास्थ्य सेवाको विकास तथा विस्तार गर्नु परेको छ।

नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गराउन गणतन्त्रवादी नेता स्वर्गीय रामराजा प्रसाद सिंहको चीर पुण्यस्मृतिका लागि “रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयक” तर्जुमा गरिएको छ।

## २. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयकको कार्यान्वयनबाट नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था हुने र मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुने तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी नेपालको संविधानको धारा ३५ ले प्रदान गरेको नागरिकहरुको स्वास्थ्य सम्बन्धी हक कार्यान्वयन गर्न मद्धत पुग्ने देखिन्छ।

## ३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने विधेयकमा प्रतिष्ठानको स्थापना, उद्देश्य, यस प्रतिष्ठाको सभा, प्राज्ञिक परिषद, कार्यकारी परिषद, विद्या परिषद्, संकाय, शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र, प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी, प्रतिष्ठानको कोष तथा लेखा प्रणाली, आरक्षण तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था गरिएको छ। त्यस्तै यस प्रतिष्ठानको केन्द्रीय कार्यालय गजेन्द्र नारायण सिंह अस्पताल राजविराज सप्तरीमा रहने गरी व्यवस्था गरिएको छ।

यस प्रतिष्ठानबाट स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आवश्यक जनशक्ति तयार गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य हुने र यसको कोषमा नेपाल सरकारबाट प्राप्त रकम, शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने गरी व्यवस्था गरिएको छ।

प्रस्तुत विधेयकमा सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्या परिषद्, संकाय, अनुसन्धान केन्द्र, शैक्षिक संस्था, अस्पताल, तोकिए बमोजिमका अन्य निकाय सहितका स्वरुप रहने भएको र ति निकायहरुको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक पदाधिकारी, शिक्षक तथा कर्मचारी सहितका संरचना रहने भएकोले यी पदाधिकारी, शिक्षक तथा कर्मचारी सहित शिक्षण अस्पतालको सञ्चालन प्रतिष्ठानको कोषबाट हुनेछ उक्त कोषमा नेपाल सरकारबाट उपलब्ध हुने रकमको कारण नेपाल सरकारलाई आर्थिक दायित्व पर्न जाने हुन्छ। तथापि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज नै प्रतिष्ठानको केन्द्रीय कार्यालय रहने भएकोले मौजुदा भौतिक संरचनाको परिधिभित्र नै प्रतिष्ठान सञ्चालन हुनेछ। प्रदेशिक सन्तुलन सहितको स्वास्थ्य उपचार तथा चिकित्सा शिक्षा तर्फका शैक्षिक कार्यक्रम सञ्चालन हुँदा तत्कालको लागि कोषमा नेपाल सरकारबाट सालवसाली विनियोजित बजेटबाट स्रोत उपलब्ध हुन गई सरकारी खर्च वृद्धि हुने भए तापनि भविष्यमा यसबाट प्रदान भएका सेवा र गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानबाट हुने आम्दानीले स्वनिर्भर प्रतिष्ठानको रुपमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन हुनेछ। यसबाट दीर्घकालीन दायित्व कम हुन जानेछ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयकले संयुक्त राष्ट्र संङ्घको दिगो विकास लक्षको लक्ष नं. ३ मा रहेको सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने दिगो विकास लक्ष हासिल गर्न मद्दत पुग्ने देखिन्छ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयकबाट रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने विधेयकमा प्रतिष्ठानको स्थापना, उद्देश्य, यस प्रतिष्ठाको सभा, प्राज्ञिक परिषद, कार्यकारी परिषद, विद्या परिषद्, संकाय, शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र, प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी, प्रतिष्ठानको कोष तथा लेखा प्रणाली, आरक्षण तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था भई सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

**६. विधेयकको व्यवस्थाबाट जलवायू अनुकुलनमा पुग्ने सहयोगः**

**प्रारम्भिक मस्यौदा**

# रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक

**प्रस्तावनाः**

गणतन्त्रवादी नेता स्वर्गीय रामराजा प्रसाद सिहंको चीर पुण्यस्मृतिका लागि एवम् नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गराउन रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम “रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०८१” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा १७ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ।

(ख) "उपकुलपति" भन्नाले दफा २१ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा १३ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(घ) "कुलपति" भन्नाले दफा १९ बमोजिमको कुलपति सम्झनु पर्छ।

(ङ) "डीन" भन्नाले दफा २४ बमोजिमको डीन सम्झनु पर्छ।

(च) "तोकिएको" वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निर्देशक" भन्नाले दफा २५ बमोजिमको अस्पताल निर्देशक सम्झनु पर्छ।

(ज) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(झ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) "रजिष्ट्रार" भन्नाले दफा २३ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ठ) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ड) "शिक्षाध्यक्ष" भन्नाले दफा २२ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(ढ) "शैक्षिक संस्था" भन्नाले दफा १६ बमोजिम स्थापना भएको शैक्षिक संस्था सम्झनु पर्छ।

(ण) "सभा" भन्नाले दफा ८ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(त) "सहकुलपति" भन्नाले दफा २० बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, स्वरूप तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आवश्यक जनशक्ति तयार गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने काम समेतको लागि रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय गजेन्द्र नारायण सिंह अस्पताल राजविराज सप्तरीमा रहनेछ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा रामराजा प्रसाद सिंह एकेडेमी अफ हेल्थ साइन्सेज (Ramraja Prasad Singh Academy of Health Sciences (RRAHS) भनिने छ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच-बिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रतिष्ठानको स्वरूपः** प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरू रहने छन् र तिनीहरूको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) सभा,
(ख) प्राज्ञिक परिषद्,
(ग) कार्यकारी परिषद्,
(घ) विद्या परिषद्,
(ङ) संकाय,
(च) अनुसन्धान केन्द्र,
(छ) शैक्षिक संस्था,

(ज) अस्पताल,

(झ) तोकिए बमोजिमका अन्य निकाय।

६. **<u>प्रतिष्ठानको उद्देश्यः</u>** प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) देशलाइ स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लागि स्वास्थ्य सेवाको विकासका लागि आवश्यक दक्ष जनशक्ती तयार गर्न तोकिए बमोजिमको योग्यता प्राप्त व्यक्तिहरुलाई चिकित्सा, नर्सिङ्ग तथा स्वास्थ्य क्षेत्रका अन्य विषयहरुमा प्रमाणपत्र, स्नातक, स्नातकोतर तथा विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने।

(ख) स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्य सम्बन्धी विभिन्न तालिम प्रदान गर्ने र अन्य स्वास्थ्य संस्थाहरुलाई परामर्श दिने र लिने ।

(ग) स्वास्थ्य क्षेत्रमा आवश्यक अनुसन्धान गर्ने ।

(घ) संक्रामक र ट्रपिकल रोगहरुको अनुसन्धान र उपचारको व्यवस्था गरी यी विषयहरुमा राष्ट्रियस्तरको एउटा उत्कृष्ट केन्द्र स्थापना गर्ने ।

(ङ) स्वास्थ्य क्षेत्रमा मानवीय स्रोतको विकास तथा स्वास्थ्य विज्ञानका शिक्षकहरुको तालिमका लागि राष्ट्रिय स्रोत केन्द्रहरु मध्ये एकको रुपमा काम गर्ने ।

७. **<u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकार</u>ः** (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथाअनुसन्धान गर्ने, गराउने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, स्वास्थ्य विज्ञान अध्ययन संस्थान तथा अस्पतालसँग सम्झौता गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ङ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, स्वास्थ्य विज्ञान अध्ययन संस्थान वा अस्पतालसँग समन्वय गर्ने,

(च) स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग र अनुभव आदान प्रदान गर्ने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजना गर्ने, गराउने,

(ज) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक, पर्चा, बुलेटिन तथा सचेतना पोस्टर प्रकाशन गर्ने, गराउने,

(झ) प्रतिष्ठानले दिने शिक्षा र तालिमको व्यवस्था गर्ने, परीक्षा लिने, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधि प्रदान गर्ने ।

(ञ) छात्रवृति, पदक र पुरस्कारहरु प्रदान गर्ने ।

(ट) प्रमाणपत्र, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने कार्यक्रमको लागि पाठ्यक्रम र पाठयपुस्तक तयार गर्ने ।

(ठ) स्वास्थ्य सेवामा सूचना प्रवाह र अनुसन्धान प्रवर्द्धनका लागि तोकिएका जिल्लाहरुमा नमूना सूचना एवं अनुसन्धान क्षेत्रको विकास गर्ने ।

(ड) प्रतिष्ठानमा कार्यरत पदाधिकारी, शिक्षक एवं कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(ढ) प्रतिष्ठानको विभिन्न पदमा तोकिए बमोजिम नियुक्ति गर्ने ।

(ण) शैक्षिक र अन्य सेवा शुल्कहरु तोक्ने र प्राप्त गर्ने।

(त) प्रतिष्ठानको सम्पतिको सुरक्षणमा ऋण लिने ।

(थ) प्रतिष्ठानको सम्पत्तिको लगानी गर्ने।

(द) प्रतिष्ठानको अक्षयकोष खडा गरी तोकिए बमोजिम सञ्चालन गर्ने।

(ध) प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

(न) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत प्रयोग र पालना हुनेछ।

## परिच्छेद-३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

८. **सभाको गठनः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति -अध्यक्ष

(ख) सहकुलपति -उपाध्यक्ष

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) -सदस्य

(घ) उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग -सदस्य

(ङ) स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिहरूमध्ये कार्यकारी परिषदको सिफारिसमा सभाबाट मनोनित बढीमा दुईजना -सदस्य

(च) प्रतिष्ठानको भूतपूर्व उपकुलपतिहरु मध्येबाट कार्यकारी परिषदको सिफारिसमा सरकारले मनोनीत गरेको एकजना -सदस्य

(छ) सचिव, स्वास्थ्य तथा जनस्ख्या मन्त्रालय -सदस्य

(ज) सचिव, अर्थ मन्त्रालय -सदस्य

(झ) सचिव, नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ञ) सचिव, स्वास्थ्य मन्त्रालय, मधेश प्रदेश **सरकार** -सदस्य

(ट) शिक्षाध्यक्ष -सदस्य

(ठ) उपकुलपति -सदस्य

(ड) डीनहरूमध्येबाट उपकुलपतिबाट मनोनीत एकजना -सदस्य

(ढ) अस्पताल निर्देशक -सदस्य

(ण) प्रमुख, राजविराज नगरपालिका -सदस्य

(त) शिक्षकहरूमध्ये उपकुलपतिको सिफारिसमा सहकुलपतिबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(थ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् -सदस्य

(द) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल -सदस्य

(ध) प्रतिष्ठित विद्वान, समाजसेवी, उद्योगपति तथा व्यापारी, चन्दादाताहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(न) स्वास्थ्य वैज्ञानिकहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिबाट मनोनित गरेको दुईजना -सदस्य

(प) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरु मध्ये उपकुलपतिबाट मनोनित कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(फ) प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीमध्ये उपकुलपतिबाट मनोनित कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ब) दलित आदिवासी जनजाति तथा पिछडिएको वर्गबाट प्रतिनिधित्व हुने गरी कार्यकारी परिषद्को सिफारिशमा सभाबाट मनोनित कम्तीमा २ जना महिला सहित चार जना -सदस्य

(भ) रजिष्ट्रार -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

९. **<u>सभाको काम, कर्तव्य र अधिकारः</u>** (१)सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) प्रतिष्ठान मातहतका विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने,

(ञ) शैक्षिक संस्थाहरुको स्वास्थ्य विज्ञान अध्ययन संस्थानहरूको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने/गराउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) परिषद्ले यस ऐन बमोजिम आफुले गर्नु पर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति र उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ।

१०. **<u>सभा बैठक र निर्णयः</u>** (१) सभाको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ ।

(२) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) सभाको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बहुमतको निर्णय बैठकको निर्णय हुनेछ। बैठकमा बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(५) बैठकको निर्णय सभाको सदस्य-सचिवबाट प्रमाणित गरिनेछ।

(६) बैठकको अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## <u>प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार</u>

११. **<u>प्राज्ञिक परिषद्को गठन</u>**ः (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रूपमा एक प्राज्ञिक परिषद् हुनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) शिक्षाध्यक्ष -अध्यक्ष

(ख) रजिष्ट्रार -सदस्य

(ग) निर्देशक -सदस्य

(घ) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरुमध्ये

कार्यकारी परिषद्को सिफारिशमा सभाबाट मनोनित पाँच जना -सदस्य

(ङ) प्रतिष्ठानका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरू मध्येबाट उपकुलपतिबाट मनोनित २ जना -सदस्य

(च) शिक्षकहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ज) संकाय/विभाग प्रमुखहरु मध्येवाट उपकुलपतिले मनोनित गरेको दुई जना -सदस्य

(झ) प्रतिष्ठानसंग सम्बन्धित स्वदेशी तथा विदेशी विद्वानहरु मध्ये उपकुलपतिबाट मनोनित चार जना -सदस्य

(ञ) डिनहरु मध्येबाट उपकुलपतिले मनोनित गरेको डीन -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार**ः प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने प्राविधिक र प्रशासनिक जनशक्ति तथा शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) चिकित्सा शिक्षा आयोगले गर्ने बाहेक आवश्यकता अनुसार विद्यार्थी छनौट गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक छनौट तथा तयार गर्ने,

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ठ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने,

(ण) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१३. **कार्यकारी परिषद्को गठन**: (१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) शिक्षाध्यक्ष -सदस्य

(ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ११ औ तहको को प्रतिनिधी -सदस्य

(घ) अस्पताल निर्देशक -सदस्य

(ङ) विभागीय प्रमुखहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिवाट मनोनित गरेको कम्तीमा एक महिला सहित दुई जना -सदस्य

(च) शिक्षकहरु मध्येबाट उपकुलपतिबाट मनोनीत एक जना -सदस्य

(छ) डिन वा डिनहरु मध्येबाट उपकुलपतिबाट मनोनीत एक जना -सदस्य

(ज) रजिष्ट्रार -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम (घ), (ङ) र (च) मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१४. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार**: (१)कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, बेच-बिखन गर्ने तथा ठेक्कापट्टामा दिने,तर नेपाल सरकारबाट प्राप्त अचल सम्पत्ति बेचबिखन गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(च) लोक सेवा आयोगको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(छ) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग ग्रहण गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-६
## बिद्या परिषद, सङ्काय, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

१५. **विद्या परिषद्, संकाय, शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था:** (१) प्रतिष्ठानले आवश्यकता अनुसार विद्या परिषद्, संकाय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित विद्या परिषद्, संकाय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१६. **शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन:** (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकतानुसार शैक्षिक संस्था स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाको सञ्चालन तोकिए बमोजिम हुनेछ।

१७. **शिक्षण अस्पतालको स्थापना र सञ्चालन:** (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय एवं सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि यस अस्पतालको स्थापना गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेको गजेन्द्र नारायण सिहं अस्पताल राजविराज उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ।

(३) गजेन्द्र नारायण सिहं अस्पताल राजविराजको नाउँमा रहेको चल-अचल सम्पतिको स्वामित्व स्वतः प्रतिष्ठानमा हस्तान्तरण भएको मानिनेछ।

(४) शिक्षण अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१८. **<u>अस्पताल व्यवस्थापन समितिः</u>** (१) अस्पताललाई सुचारुरुपले सञ्चालन गर्न गराउनका लागि एक अस्पताल व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको अस्पताल व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१९. **<u>कुलपति</u>** : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

(३) कुलपतिले प्रतिष्ठानको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

२०. **<u>सहकुलपति</u>**ः (१) स्वास्थ्य मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

(२) सहकुलपतिले आवश्यकता अनुसार प्रतिष्ठानको निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ।

२१. **<u>उपकुलपति</u>**ः (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक पदमा कम्तीमा पाँच वर्ष काम गरेको ब्यक्ति उपकुलपति पदमा नियुक्तिको लागि योग्य हुनेछ ।

(३) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(४) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(५) उपकुलपतिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(६) उपकुलपतिको पारिश्रमिक, सुविधा र सेवा अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२२. **<u>शिक्षाध्यक्ष</u>** : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक पदमा कम्तीमा तीन वर्ष काम गरेको ब्यक्ति शिक्षाध्यक्ष पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) शिक्षाध्यक्ष प्रतिष्ठानमा पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(४) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(५) शिक्षाध्यक्षको अन्य काम, कर्तब्य र अधिकार पारिश्रमिक, सुविधा र सेवा अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२३. **रजिष्ट्रार** : (१) प्रतिष्ठानको आर्थिक तथा कर्मचारी प्रशासन सम्वन्धी कामको रेखदेखको लागि उपकुलपतिको सिफारिशमा सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको वा सो सरहको पदमा काम गरेको व्यक्ति रजिष्ट्रार पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) रजिष्ट्रार प्रतिष्ठानको पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(४) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

(५) रजिष्ट्रारको अन्य काम, कर्तब्य र अधिकार पारिश्रमिक, सुविधा र सेवा अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२४. **डीन** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि उपकुलपतिले डीनको नियुक्ति गर्नेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा सह प्राध्यापक पदमा काम गरेको व्यक्ति डीनको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) डीन प्रतिष्ठानको पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(४) डीनको पदावधि चार वर्षको हुनेछ ।

(५) डिनको अन्य काम, कर्तब्य र अधिकार पारिश्रमिक, सुविधा र सेवा अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२५. **अस्पताल निर्देशक**: (१) प्रतिष्ठानको अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले अस्पताल निर्देशकको नियुक्ति गर्नेछ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा सह प्राध्यापक पदमा काम गरेको वा सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र संग सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी स्वास्थ्य मन्त्रालय सम्वद्ध निकायमा कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको ब्यक्ति अस्पताल निर्देशक पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) निर्देशक प्रतिष्ठानको पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(५) निर्देशकको अन्य काम, कर्तब्य र अधिकार पारिश्रमिक, सुविधा र सेवा अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

२६. **अन्य पदाधिकारीः** (१) प्रतिष्ठानमा तोकिए बमोजिम अन्य पदाधिकारीहरु रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीहरुको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२७. **पदबाट हटाउन सक्ने** : (१) उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरूपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई निजको पदबाट हटाउने छ।

(३) उपदफा (२) बमोजिम छानविन समिति गठन भए पछि उपदफा (२) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति, शिक्षाध्यक्ष, वा रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

२८. **प्रतिष्ठानका शिक्षक तथा कर्मचारी** : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू रहने छन्।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति लोक सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

२९. **कर्मचारी प्रतिष्ठानमा रहन सक्नेः** (१) नेपाल सरकार एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत प्रतिष्ठानमा पदस्थापना भएका तथा सरुवा भै आएका सम्पूर्ण कर्मचारी प्रतिष्ठानको अभिन्न अंग मानिने छ। त्यस्ता कर्मचारीले नेपाल सरकारको सेवाबाट राजीनामा दिई प्रतिष्ठानको सेवामा काम गर्न चाहेमा यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी विनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र मन्त्रालयमा निवेदन दिनुपर्नेछ। यस सम्बन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ। नेपाल सरकारले प्रतिष्ठानको अनुरोधमा नेपाल स्वास्थ्य सेवाका कुनै कर्मचारीलाई काजमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई प्रतिष्ठानले आवश्यकता अनुसार प्रतिष्ठानको कर्मचारीको रुपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

## परिच्छेद-८

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

३०. **अध्ययन संस्थानको कोष** :(१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,
(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम,
(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने छ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिम नेपाल सरकारबाट प्राप्त हुने रकम बाहेकको प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३१. **लेखा र लेखापरीक्षण**: (१) प्रतिष्ठानको आय र व्ययको लेखा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम राखिने छ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९

## आरक्षण तथा छात्रवृति सम्बन्धि व्यवस्था

३२. **आरक्षण सम्वन्धी व्यवस्था**: (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको दश प्रतिशतमा नघटने गरी सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका उत्तीर्ण गरेका महिला, दलित, आदिवासी, जनजाति, थारु, अपाङ्गता भएका ब्यक्ति, मधेशी, मुस्लिम तथा पिछडिएका क्षेत्रका विद्यार्थीको लागि आरक्षणको ब्यवस्था चिकित्सा शिक्षा आयोगले तोकेको मापदण्ड अनुसार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आरक्षण गरिएका स्थानमा प्रतिस्पर्धाद्वारा विद्यार्थी छनौट गरिनेछ ।

३३. <u>**छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**</u> (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत स्थानमा विपन्न विद्यार्थीलाई चिकित्सा शिक्षा आयोगले तोकेको मापदण्ड अनुसार पूर्ण रूपमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

**स्पष्टीकरण** :यस दफाको प्रयोजनको लागि "विपन्न" भन्नाले सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेका विद्यार्थीहरू मध्ये तोकिएको आधारमा सम्बन्धित स्थानीय तहले विपन्न भनी सिफारिस गरेको विद्यार्थीलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिम १० प्रतिशतलाई शतप्रतिशत मानी सो को पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी र जनजाती, थारु, मधेशी, मुस्लिम तथा पिछडिएका क्षेत्रका विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने आधार तोकिए बमोजिम हुनेछ।

(४) प्रतिष्ठानले विपन्न विद्यार्थीलाई आंशिक रूपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

(५) कुनै निकाय वा संस्थाले कुनै विद्यार्थीलाई प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ र विद्यार्थी छनौट माथि उल्लेख भए अनुसारको प्रकृया पुर्याएको हुनु पर्नेछ।

३४. <u>**तोकेको स्थानमा काम गर्नु पर्ने**</u> : (१) यस ऐन बमोजिम आरक्षण वा छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले प्रतिष्ठान तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको पिछडिएका क्षेत्रमा कम्तीमा दुई वर्ष काम गर्नु पर्नेछ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिमको अवधिभर काम गर्नु पर्नेछ।

(३) दफा ३३ बमोजिम प्रतिष्ठानको प्राथमिकतामा भर्ना भएका विद्यार्थीले प्रतिष्ठानले तोकेको अवधिभर पिछडिएको क्षेत्रमा काम गर्नु पर्नेछ ।

(४) दफा ३२ को उपदफा (१) बमोजिमको आरक्षण र दफा ३२ र ३३ बमोजिमको प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले उपदफा (१), (२) वा (३) मा उल्लेखित पूरा अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ ।

(५) प्रतिष्ठानले दफा ३२ र ३३ बमोजिमको आरक्षण, प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक प्रतिष्ठानमा अध्ययन गर्ने अन्य विद्यार्थीलाई अध्ययन पश्चात्

पिछडिएका क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-१०
## विविध

३५. **प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरु:** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले यस ऐन अन्तर्गत स्वास्थ्य सम्बन्धी स्नातक, स्नातकोत्तर, विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधि प्रदान गर्न सक्नेछ।

३६. **प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरुको मान्यता:** यस ऐन बमोजिम प्रतिष्ठानबाट प्रदान गरिने स्वास्थ्य सम्बन्धी स्नातक, स्नातकोत्तर, विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधिको मान्यता नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम हुनेछ ।

३७. **अन्य संस्थालाई समाहित गर्न सक्ने**: (१) यो ऐन लागू हुन पूर्व प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका स्वास्थ विज्ञान सम्वन्धी कुनै संस्था प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था समाहित गर्ने सम्वन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३८. **स्वास्थ्य र शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरूप काम गर्नु पर्ने**: प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य र शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरूप काम गर्नु पर्नेछ।

३९. **वार्षिक प्रतिवेदन**: (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन उपकुलपतिले सभा समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ ।

४०. **अधिकार प्रत्यायोजन**: (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

४१. **काम कारबाही बदर नहुने**: प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन।

४२. **अनुगमन तथा निर्देशन सम्बन्धी व्यवस्था**: प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा कुलपति वा सहकुलपतिले अनुगमन गरी प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

४३. **नेपाल सरकारसँग सम्पर्क**: प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४४. **शपथ लिनु पर्ने** :प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४५. **सम्बन्धन दिन नसक्नेः** प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई स्वास्थ्य विज्ञान अध्ययन संस्थानको रूपमा सम्बन्धन दिन सक्ने छैन।

४६. **अर्थ मन्त्रालयको सहमति लिनु पर्नेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारलाई थप दायित्व सृजना हुने अवस्था भएमा नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

४७. **समन्वय गर्न सक्नेः** अध्ययन अनुसन्धान क्षेत्रलाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रतिष्ठानले अन्य चिकित्सा क्षेत्रसँग सम्बन्धित निकायहरुसँग समन्वय गर्न सक्नेछ ।

४८. **काजमा खटाउन सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार संघ वा प्रदेशमा कार्यरत जुनसुकै कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

४९. **बैठक भत्ता तथा अन्य सुविधाः** समितका सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत प्रचलित कानुन बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन ।

५०. **नियम बनाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

५१. **विनियम तथा कार्यविधि बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयन गर्न कार्यकारी परिषद्ले आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा नेपाल सरकार अर्थ मन्त्रालयसँग सहमति लिनु पर्नेछ।

५२. **मापदण्ड बनाउन सक्नेः** प्रतिष्ठानको काम कारवाहीलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि नेपाल सरकारले स्वास्थ्य तथा शिक्षा सम्बन्धी आवश्यक मापदण्ड बनाउन सक्नेछ र त्यस्तो मापदण्डको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

५३. **खारेजी र बचाउ**ः (१) देहायका गठन आदेशहरु खारेज गरिएका छनः-

(क) रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८०

(ख) गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल विकास समिति (गठनआदेश (, २०४५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको विकास समितिमा कार्यरत कर्मचारीहरूलाई सोहि गठन आदेश बमोजमको सेवा सुविध पाउने गरी प्रतिष्ठानले कम काज गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ।